nystateofhealth
The Official Health Plan Marketplace



# तपाईंको Medicaid, Child Health Plus वा Essential Plan स्वास्थ्य बीमा नवीकरण गर्ने बारे द्रुत तथ्यहरू

NY State of Health, सरकारी स्वास्थ्य योजना बजार।

तपाईंको कभरेज नवीकरण गर्न र तपाईंको नवीकरण मिति बारे जान्न मद्दत:

हामीलाई **1-855-355-5777,** वा **TTY: 1-800-662-1220**

वा

आफ्नो नजिकैको एक सहायकलाई सम्पर्क गर्नुहोस्: **https://info.nystateofhealth.ny.gov/findassistor**

वा

आफ्नो स्थानीय Medicaid कार्यालयलाई यहाँ सम्पर्क गर्नुहोस्: **https://www.health.ny.gov/health_care/medicaid/ldss.htm**

## तपाईं वा परिवारको सदस्यसँग हाल New York State Medicaid, Child Health Plus वा Essential Plan मार्फत स्वास्थ्य बीमा छ?

वसन्त 2023 मा सुरु गर्दै, न्यूयोर्क राज्यले यी कार्यक्रमहरूका लागि अझै पनि योग्यता सुनिश्चित गर्न योग्यता जाँचहरू पुनः सुरु गर्ने छ। यसको मतलब तपाईंले आफ्नो स्वास्थ्य बीमा वा तपाईंको परिवारका सदस्यहरूको बीमा नवीकरण गर्नका लागि कारबाही गर्नुपर्ने हुन सक्छ। उदाहरणका लागि, COVID-19 महामारी सुरु हुनुभन्दा अघिदेखि तपाईंको आम्दानी धेरै परिवर्तन भएको छ भने, तपाईंले स्वास्थ्य बीमामा भर्ना हुनको लागि NY State of Health लाई जानकारी दिनु पर्ने हुन सक्छ।

## यहाँ तपाईंले तयार हुनका लागि अझै पनि गर्न सक्ने कुराहरू छन्:

### 1 टेक्स्ट अलर्टका लागि साइन अप गर्नुहोस्।

NY State of Health बाट टेक्स्ट अलर्टहरू प्राप्त गर्न साइन अप गर्नुहोस् ताकि तपाईंले आफ्नो कभरेज नवीकरण गर्ने समय सहित महत्त्वपूर्ण स्वास्थ्य बीमा अद्यावधिकहरू नछुटाउनुहोस्। सदस्यता लिन **START लाई 1-866-988-0327 मा टेक्स्ट गर्नुहोस्।**

### 2 तपाईंको ठेगाना अपडेट गरिएको छ भनेर सुनिश्चित गर्नुहोस्।

NY State of Health वा तपाईंको स्थानीय Medicaid कार्यालयमा तपाईंको हालको मेलिङ ठेगाना, फोन नम्बर र इमेल ठेगाना छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् ताकि तिनीहरूले तपाईंको स्वास्थ्य बीमाको बारेमा तपाईंलाई सम्पर्क गर्न सकून्।

तपाईंसँग NY State of Health अन्तर्गतको बीमा छ भने तपाईंले निम्न कुराहरू गर्न सक्नुहुन्छ:

- 1-855-355-5777 (TTY: 1-800-662-1220) मा फोन गर्नुहोस्
- **nystateofhealth.ny.gov** मा आफ्नो खातामा लग इन गर्नुहोस्
- **https://info.nystateofhealth.ny.gov/findassistor** मा सहयाता खोज्नुहोस्

तपाईंसँग तपाईंको काउन्टीको **Medicaid कार्यालय वा न्यूयोर्क शहरको मानव संसाधन प्रशासन (Human Resources Administration, HRA),** मार्फत Medicaid छ भने तपाईंको ठेगाना र सम्पर्क जानकारी सहित तपाईंको स्थानीय कार्यालयमा सम्पर्क गर्नुहोस्।

### 3 काकारबाही लिनुहोस्।

तपाईंको स्वास्थ्य बीमा नवीकरण गर्ने समय हुन्छ, तपाईंले आफ्नो काउन्टीको Medicaid कार्यालय मार्फत नाम दर्ता गर्नुभयो भने, तपाईंले NY State of Health बाट एउटा पत्र वा एक नवीकरण प्याकेट प्राप्त गर्नुहुने छ। यो पत्र/प्याकेटले तपाईंलाई तपाईंको कभरेज नवीकरण गर्न के गर्न आवश्यक छ र तपाईँले प्रतिक्रिया दिन कति समय छ भनेर थाहा दिने छ। तुरुन्तै निर्देशनहरू पालना गर्नुहोस्।

सूचित रहन र थप जान्न भ्रमण गर्नुहोस्:
**https://info.nystateofhealth.ny.gov/COVID-19-Changes**

NY State of Health प्रचलित सङ्घीय देवानी अधिकारका कानुन र राज्य कानुनहरूको अनुपालना गर्छ र जाति, रङ, राष्ट्रिय मूल, धर्म, लिङ्ग, उमेर, वैवाहिक/पारिवारिक स्थिति, गिरफ्तार रेकर्ड, अपराधी दोषी ठहर(हरू), लैङ्गिक पहिचान, यौन झुकाव, प्रिडिस्पोजिङ वंशाणुगत गुणहरू, सैन्य स्थिति, घरेलु हिंसाको पीडित स्थितिहरू र/वा प्रतिशोधका आधारमा भेदभाव गर्दैन।